नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
# वैदेशिक रोजगार विभाग
बाहाचले, काठमाण्डौं।

## वैदेशिक रोजगारी जाने व्यक्तिहरुको अभिमुखिकरण तालिम सम्बन्धी सुचना

मितिः २०८३।६।२०

राष्ट्रिय परिचय पत्र Verification मा आएको समस्याका कारण यस विभागको FEIMS प्रणालीमा मार्फत पूर्वप्रस्थान अभिमुखिकरण तालिमको प्रशिक्षार्थीहरुको अनलाईन हाजिरी गर्न कठिनाई उत्पन भएको भनि गुनासो आएको कारण अभिमुखिकरण तालिमको हाजिरी व्यवस्थापन गर्न देहाय बमोजिम समय तालिका व्यवस्था गरिएको हुँदा सोही बमोजिम प्रशिक्षार्थीलाई व्याचमा भर्ना तथा हाजिरी गर्ने व्यवस्था गरी तोकिए बमोजिम पूर्वप्रस्थान अभिमुखिकरण तालिम (PDOT) संचालन गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ।

साथै, राष्ट्रिय परिचयपत्र प्रमाणिकरण (Online Verification) भई नसकेका व्यक्तिहरुले पुर्व प्रस्थान अभिमुखिकरण तालिममा भर्ना गर्नु भन्दा कम्तीमा १ दिन अगाडि नै विभागको सूचना प्रविधि शाखाको इमेल it@dofe.gov.np मा आफ्नो **राष्ट्रिय परिचयपत्र सम्बन्धी आवेदन रुजु फाराम/भरपाई** तथा **राहदानीको स्पष्ट फोटो** पठाई तालिमको लागि NID Verification गर्न अनुरोध गर्न सक्नुहुनेछ। साथै, यसरी Verification गर्नको लागि कुनै प्रकारको शुल्क नलाग्ने व्यहोरा जानकारी गराईन्छ ।

### समय तालिका

**व्याचमा प्रशिक्षार्थी भर्ना गरिसक्नु पर्ने समय :** विहान ८:०० बजे सम्म

**विहानी हाजिरको समयः** ८:०० बजे देखि १०:०० बजे सम्म

**वेलुकीको हाजिर समयः** ४:०० बजे देखि ६:०० बजे सम्म

Contact: Website: www.dofe.gov.np, Email : info@dofe.gov.np, ☎ 01-4792616, 01-4792671, Fax: 01-4792606